# ध्यानाकर्षण

नयाँ पत्रिका दैनिकको मिति २०७७ फागुन १९ को अङ्कमा प्रकाशित "सरकार कसको सेवा गर्दैछ?" शीर्षकको समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। त्यस बिषयमा भएको वास्तविकता सम्बन्धित सबैको जानकारीको लागि देहायअनुसार प्रस्तुत गरिएको छः

- ☞ गोकर्ण प्राथमिक अस्पत्तालका लागि लिज भाडामा जग्गा उपलब्ध गराउन गोकर्णेश्वर नगरपालिकाले च.नं. १३८६ मिति २०७७।१०।२८ मा पत्राचार गरेपछि सरकारी दररेटसम्म गणना गरिएको हो। नेपाल ट्रष्ट सञ्चालक समितिको ६२औं र ६५औं दुबै बैठकले लिज भाडामा लगाउने निर्णय गरेको पनि छैन।
- ☞ यो दररेट नेपाल ट्रष्टको कार्यालयको होइन। स्थानीय पालिका र सम्बन्धित मालपोत कार्यालयबाट आधार लिई दररेट गणना गरिन्छ।
- ☞ नेपाल ट्रष्टको कार्यालयले हेटौंडामा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको लिज प्रस्तावका लागि तथा ताहाचलस्थित विभिन्न सरकारी निकायहरू (सार्वजनिक खरिद अनुगमन कार्यालय, गरिबी निवारण कोष, वैदेशिक रोजगार कार्यालय)का लागि पनि त्यसै गरी लिज भाडा रकम निर्धारण गरेको छ। गोकर्ण प्राथमिक अस्पत्ताल अपवाद होइन।
- ☞ निजी क्षेत्रका लागि बजार दरमा लिज भाडा गणना गरी खुला प्रतिस्पर्धा गराइन्छ।
- ☞ गोकर्ण प्राथमिक अस्पत्तालको हकमा *भौतिक, जैविक, सामाजिक, वातावरणीय पक्षमा पर्ने दीर्घकालीन असरबारेमा विज्ञ सहितको टोलीबाट अध्ययन प्रतिवेदन प्राप्त गरी अर्को बैठकमा पुनः पेश गर्ने भन्ने निर्णयले* गोकर्ण प्राथमिक अस्पत्तालका लागि लिजमा जग्गा दिने सरकारको निर्णय भन्न मिल्दैन। प्रतिवेदन नै आउन बाँकी रहेको, सञ्चालक समितिले त्यस बिषयमा कुनै निर्णय नगरेकोले मन्त्रीपरिषदमा प्रस्ताव लैजाने कुरा भएन र प्रस्तावै नबनेको बिषयलाई सरकारले भाडाको निर्णय नै गरेको जसरी समाचार बनाउनु यथार्थपरक देखिएन।
- ☞ नेपाल ट्रष्टले उक्त जग्गा लिज भाडामा दिनसक्ने निर्णय हुँदाका बखत पनि उक्त जग्गा लिजमा लिने नलिने भन्ने निर्णय सम्बन्धित नगरपालिका/प्राथमिक अस्पत्तालले आफै गर्ने विषय हो। नेपाल ट्रष्टको कार्यालय वा सरकारले होइन।

-प्रवक्ता